स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र "द राइज अफ साम्राज्य"मा अभिनेता नाजिर हुसेन अनुबन्ध भएका छन्। दयाहाङ राई र सौगात मल्लपछि नाजिर यो सिनेमामा अनुबन्ध भएका हुन्। निर्देशक सौरभ चौधरीले "द राइज अफ साम्राज्य"मा लाइनअपको "सरप्राइज" बाँकी नै रहेको बताएका छन्। डार्क हर्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको यो चलचित्र मल्टिस्टार बन्ने उनको भनाइ छ। यो उपन्यासकार बुद्धिसागरले कथा र पटकथा लेखेका छन्।

आजको विचार...



समस्या...

*(दुई पेजमा)*

डा. सुष्मा तामाङ



चौधरी ग्रुपका निर्देशक निर्वाण चौधरीले अभिनेता प्रदीप खड्काको साथमा भारतीय फिल्म मेकर प्रशान्त कुमार गुप्ता र भुटानका चर्चित अभिनेता संगाय छेल्ट्रिमको सहकार्यमा निर्माण गरेको "टनेल २६"को टिजर सार्वजनिक गरिएको छ। सार्वजनिक भएको टिजरमा अनुपविक्रम शाही, आना शर्मा, संगाय छेल्ट्रिम, रोशिनी दादा, निडुप दोर्जी, फुन्छोक धोन्डेन, डेकी लामो, जामयाङ तेन्पा, फुन्छो किनरब, चेन्चो लामा, केजाङ काज, त्सेकी वाङ्दी, काया ग्येल्त्सेन, नामगे डीजे, उग्येन दोर्जीलगायत कलाकारको अभिनय रहेको छ।

❒ वर्ष ३२ ❒ अंक ३३ ❒ २०८३ भदौ २ गते मंगलबार 18 August 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भागदौडमा ७ जनाको मृत्यु

**काठमाडौँ**, साउन १/ भारत बिहारस्थित लखीसरायको अशोकधाम मन्दिरमा सोमबार बिहान भागदौड हुँदा ७ जनाको मृत्यु भएको छ । लखीसरायका सहायक प्रहरी अधिकारी (एसडीपीओ) शिवमकुमारले सोमबार बिहान मन्दिरमा उक्त घटना भएको बताए । घटनामा ७ जनाको मृत्यु भएको र ५-६ जना घाइते भएको उनले बताए । घाइतेलाई सदर अस्पतालमा भर्ना गरिएको छ । लखीसरायका जिल्ला अधिकारी शैलेन्द्र कुमारका अनुसार मृत्यु हुने ७ जना महिला हुन् ।

उनले भने, 'अशोकधाम हल्ट रेलवे स्टेसनको ठीक अगाडिदेखि मन्दिरसम्म लामो लाइन लागेको थियो । त्यही बेला स्टेसनमा दुईवटा रेल पनि आए । यसैबीच बिजुलीको पोल ढलेको हल्ला फैलियो, जबकि बिजुलीको तार मात्र चुडिएको थियो । बायाँतर्फ लागेको महिलाको लाइनमा दबाब बढ्यो र महिलाहरू एक-अर्कामाथि खस्दै गए ।'प्रशासनिक अधिकारी घटनास्थल पुगेका छन् । थियौँ । हामी खस्यौँ र करिब २०-२५ जना महिला एक(अर्कामाथि खसे । भीडमा च्यापिएर धेरै महिला बेहोस भए । *- एजेन्सी*

# छुट्टाछुट्टै घटनामा सात जनाको मृत्यु

## सडक दुर्घटनामा तीन जना, डुवेर एक जना र तीन जना मृत अवस्थामा फेला

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ १/ देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा सात जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार अर्घाखाँची, रुपन्देही, कैलाली र काभ्रेमा भएका छुट्टाछुट्टै घटनामा परी सात जनाको मृत्यु भएको हो ।




काभ्रेको खानीखोला गाउँपालिका-१ स्याउलीथलीस्थित सडकमा सोमबार बलेरो दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । बा.१८ च २४२ नम्बरको बोलेरो अनियन्त्रित भई दुर्घटना हुँदा बोलेरोमा सवार हाल नाम, थर र वतन नखुलेका दुई जनाको घटनास्थलमै मृत्यु भएको हो । यसैगरी कैलालीको बर्दगोरिया गाउँपालिका-४ स्थित सडकमा ट्रकले स्कुटरलाई ठक्कर दिदा एक जनाको मृत्यु भएको छ । सोमबार बिहान सु.प.प्र-०१-००१ ख ३६९५ नम्बरको ट्रकले लु.प्र-०१-०१० प ००४५ नम्बरको स्कुटरलाई दिँदा स्कुटर चालक स्थानीय ६२ वर्षीया साबित्री देवी सापकोटाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी सापकोटाको दोधारा अस्पताल प्रालि मुडागाउँमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै रूपन्देहीको शुद्धोधन गाउँपालिका-५ मानपकडीस्थित दरबाह खोलामा डुबेर एक बालकको मृत्यु भएको छ ।

कपिलवस्तुको वाणगंगा नगरपालिका-११ बस्ने ३० वर्षीय सुरज थारुको सोमबार मृत्यु भएको छ । खोलामा माछा मार्ने क्रममा डुबेर अशक्त भएका थारूको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारका क्रममा मृत्यु भएको हो ।यस्तै, अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-५ बुटेनीडाँडा बस्ने ५२ वर्षीय भिम बहादुर कुमाल छत्रदेव गाउँपालिका-४ भालुखोलामा सोमबार मृत अवस्थामा फेला परेका छन् । यस्तै रसुवाको नौकुण्ड गाउँपालिका-२ घ्याङमार बस्ने ३५ वर्षीया डुक्पा नेकोर तामाङ सोही ठाउँस्थित फोम्सो खोलाको किनारमा तथा उनका ११ वर्षीय छोरा पूर्ण बहादुर थोक्रा नौकुण्ड-२ स्थित जोङ्सा खोलामा मृत अवस्थामा फेला परेका छन् । घटनाबारे सम्बन्धित स्थानका प्रहरीले आवश्यक अनुसन्धान गरिरहेका छन् ।

# मुख्यमन्त्री आचार्यले पाए विश्वासको मत



**बुटवल,** भदौ १/ लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गरेका छन् । उनलाई नेकपा एमालेका २९, नेकपाका ११ जसपा नेपालका ४, राष्ट्रिय जनमोर्चाका १ प्रदेश सभा सदस्यले विश्वासको मत दिएका हुन् ।

विपक्षमा कांग्रेस र जनमतका गरी २६ मत मात्र परेको छ । सत्ता पक्षका २ र प्रतिपक्षका ६ जना अनुपस्थित भएका छन् । ४ सदस्य रहेको राप्रपा तटस्थ बसेको छ । प्रदेश सभाका ८३ प्रदेश सभा सदस्य मध्य बहुमतका लागि ४२ मत आवश्यक पर्छ । तीमध्ये एमाले, नेकपा, जसपा नेपाल र जनमोर्चाका गरी ४५ जनाले मत दिएका हुन् । २०८१ साउन ७ गते एमाले कांग्रेस गठबन्धनबाट चेतनारायण आचार्य मुख्यमन्त्री बनेका थिए । गत साउन १२ गते कांग्रेसले विश्वासको मत फिर्ता लिएपछि अल्पमतमा परेका आचार्यले नेकपासहितका तीन दललाई सरकारमा सहभागी गराएर चार दलको विश्वासको मत प्राप्त गरेका हुन् ।

*( बाँकी अन्तिम पेजमा ...)*

# वन्यजन्तुबाट क्षति व्यहोरेका गुल्मीका किसानले तीन वर्षपछि पाए राहत

**गुल्मी,** भदौ १/ वन्यजन्तुबाट पशुधनमा क्षति व्यहोरेर लामो समयदेखि राहतको पर्खाइमा रहेका गुल्मीका किसानले तीन वर्षपछि क्षतिपूर्तिबापत राहत रकम प्राप्त गरेका छन् ।



जिल्लास्थित डिभिजन वन कार्यालयका अनुसार किसानलाई क्षतिपूर्तिबापत रु नौ लाख ६४ हजार ९०० उपलब्ध गराइएको छ । कार्यालयले सकलित क्षतिको निवेदनअनुसार हालसम्म ७३ जना पशुधनमा क्षति पुगेका र एक जना मानवीय घाइते भएकासहित ७४ जनालाई उक्त राहत रकम उपलब्ध गराएको डिभिजन वन कार्यालयका सूचना अधिकारी मदन सापकोटाले जानकारी दिए । उनका अनुसार विसं २०८० साउनदेखिविसं २०८२ कात्तिकसम्म वन्यजन्तुबाट भएको क्षतिको विवरण सङ्कलन गरिएको हो । उक्त अवधिमा वन्यजन्तुको आक्रमणबाट जिल्लामा ९६ बाख्रा, १५ पाडा र एउटा कुखुरामा क्षति पुगेको उनले बताए । वन्यजन्तुले बालीनाली तथा पशुधनमा क्षति पुर्‍याए पनि लामो समयसम्म राहत नपाउँदा किसानले राहतका लागि पटकपटक डिभिजन वन कार्यालयमा ध्यानाकर्षण गराउँदै आएका थिए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## सर्पको टोकाइबाट बचौँ

देशभर नै गर्मी तथा बर्खायाम सुरु भएपछि सर्पदंशका कारण मृत्यु भएका समाचारहरु दिनहुँ आइरहेका छन् । विशेष गरी बर्खायाम सुरू भएसँगै मुलुकका तराई र मध्यपहाडी भागमा सर्पले टोकेका घटना बढ्न थालेका छन् । मुलुकमा बैशाखदेखि असोजसम्म सर्पदंशका घटना धेरै नै हुने गर्छन् । सर्पको टोकाइ केवल एक व्यक्तिको समस्या नभई परिवार र समुदायको स्वास्थ्यसँग जोडिएको गम्भीर विषय हो । त्यसैले सर्पको टोकाइबाट बच्न सावधानी अपनाउनु र टोकिहालेमा तत्काल उचित उपचार खोज्नु आवश्यक छ ।

सर्पको टोकाइबाट बच्न घरवरिपरि झाडी, फोहोर तथा अनावश्यक वस्तु थुपारेर राख्नु हुँदैन् । राति बाहिर हिँड्दा टर्च वा बत्तीको प्रयोग गर्नुपर्छ । खेतबारी, घाँसे ठाउँ वा अँध्यारो स्थानमा जाँदा जुत्ता तथा सुरक्षित कपडा लगाउनु बुद्धिमानी हुन्छ । घरमा सुत्दा झुलको प्रयोग गर्ने र भुइँमा सुत्नुपर्ने अवस्था भए विशेष सावधानी अपनाउने गर्नुपर्छ । सर्पले टोकेको शंका लागेमा झारफुक, धामीझाँक्री वा घरेलु उपचारमा समय खेर फाल्नु हुँदैन । टोकेको अंगलाई सकेसम्म स्थिर राखी बिरामीलाई तत्काल नजिकको स्वास्थ्य संस्था वा सर्पदंश उपचार केन्द्रमा पुर्‍याउनुपर्छ । घाउ चिर्ने, विष चुस्ने, कडा गरी बाँध्ने वा रसायन लगाउनेजस्ता गलत अभ्यासले झन् जोखिम बढाउन सक्छन् । सर्पदंशको जोखिम घटाउन व्यक्तिगत सावधानीसँगै स्थानीय तह र स्वास्थ्य निकायको भूमिका पनि महत्वपूर्ण छ । सर्पदंशसम्बन्धी जनचेतना फैलाउने, स्वास्थ्य संस्थामा आवश्यक औषधि तथा उपचारको व्यवस्था गर्ने र आकस्मिक उद्धार तथा यातायातको पहुँच सहज बनाउनेतर्फ सम्बन्धित निकाय गम्भीर हुनुपर्छ । अन्ततः सर्पको टोकाइबाट बच्ने सबैभन्दा प्रभावकारी उपाय सावधानी, सचेतना र समयमै उपचार हो । सर्पदेखि डराएर होइन, आवश्यक सावधानी अपनाएर बाँच्न सकिन्छ । एउटा सानो लापरवाहीले ज्यान गुम्न सक्ने भएकाले आजैदेखि आफू, आफ्नो परिवार र समुदायलाई सर्पदंशबाट सुरक्षित राख्न सचेत बनौँ ।

### Opinion @ Social Network

जिन्दगीमा हरेक चिजको महत्त्व बुझ्न जरुरी छ
किन कि बितिसकेको कुरामा पश्चताब हुन जरुरी छैन।
*(किस्मत गुप्ताको फेसबुक स्टाटसबाट www.facebook.com/Kismat.Gupta)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समस्या मोबाइल होइन, अभिभावकत्वको संकट हो



डा. सुष्मा तामाङ

*विश्व स्वास्थ्य संगठनले विशेषगरी साना बालबालिकाका लागि उमेर अनुसार सीमित स्क्रिन समय, पर्याप्त निद्रा, सक्रिय खेलकुद र प्रत्यक्ष मानवीय अन्तर्क्रियालाई स्वस्थ विकासका आधार मानेको छ । जामा पेडिएट्रीमा प्रकाशित व्यवस्थित समीक्षाहरूले अत्यधिक वा अनुपयुक्त स्क्रिन प्रयोग र बालबालिकाको भाषा विकास, ध्यान केन्द्रित गर्ने क्षमता तथा सामाजिक अन्तर्क्रियाका केही पक्षबीच सम्बन्ध देखाएका छन् ।*

'म्याडम, हाम्रो छोरो पहिले धेरै कुरा गर्थ्यो । अहिले त मोबाइल नदिएसम्म न खाना खान्छ, न हामीसँग बस्न चाहन्छ । के गर्ने होला ?' विद्यालयमा अभिभावकसँग हुने भेटघाटमा यो प्रश्न आजकल निकै सामान्य सुनिन थालेको छ । केही दिनअघि पनि एकजना आमाले यस्तै चिन्ता सुनाउनुभयो । उहाँको अनुहारमा चिन्ता थियो, स्वरमा असहायपन थियो । उहाँको कुरा सकिएपछि मैले सहजै एउटा प्रश्न सोधेँ, 'बेलुका परिवारका सबै सदस्य मोबाइल बन्द गरेर कति समय सँगै बस्नुहुन्छ ?' उहाँ केही क्षण मौन बस्नुभयो । त्यसपछि हल्का मुस्कानसहित भन्नुभयो, 'त्यो त कहिल्यै सोचेकै थिइनँ ।' त्यो मौनता केवल उहाँको थिएन, त्यो आजको समाजको मौनता थियो । आज हामी आफ्ना बालबालिकालाई उत्कृष्ट शिक्षा, राम्रो विद्यालय, आधुनिक सुविधा र सुरक्षित भविष्य दिन चाहन्छौं । उनीहरू सफल बनून् भन्ने चाहना हरेक अभिभावकको हुन्छ तर यही प्रयासका बीच एउटा कुरा बिस्तारै हाम्रो हातबाट फुस्किरहेको छ गुणस्तरीय समय र पारिवारिक संवाद । नेपालको सामाजिक संरचना तीव्र रूपमा बदलिएको छ । संयुक्त परिवार घट्दै गएका छन् । दुवै अभिभावक रोजगारीमा हुनु अहिले धेरै परिवारको आवश्यकता बनेको छ । बिहानको हतार, कार्यालयको ब्यस्तता, आर्थिक जिम्मेवारी र साँझको थकानबीच बालबालिकासँग बित्ने समय सीमित हुँदै गएको छ । यस्तो अवस्थामा धेरै घरमा मोबाइल एउटा उपकरणमात्र होइन, बालबालिकालाई ब्यस्त राख्ने सजिलो उपाय बन्दैगएको छ । हामीमध्ये धेरैले अनायासै यस्ता वाक्य प्रयोग गरिरहेका हुन्छौं 'होमवर्क गर, मोबाइल दिन्छु ।' 'खाना खाऊ, भिडियो हेर्न पाइन्छ ।' 'रोइरह्यौ भने मोबाइल खोसिदिन्छु ।' यी वाक्य सामान्य लाग्न सक्छन्, तर बालबालिकाले यसबाट एउटा गहिरो सन्देश सिकिरहेका हुन्छन् । उनीहरूका लागि पढाइ कर्तव्य बन्छ, मोबाइल पुरस्कार बन्छ । बोर लाग्दा, दु:खी हुँदा वा रिस उठ्दा समाधान पनि स्क्रिनमै खोज्न थाल्छन् । बिस्तारै मोबाइल सूचना वा मनोरञ्जनको साधनमात्र रहँदैन, भावना व्यवस्थापन गर्ने माध्यम बन्न थाल्छ । यहाँ एउटा कुरा स्पष्ट हुनुपर्छ समस्या मोबाइल होइन । प्रविधि आजको आवश्यकता हो । डिजिटल सीपबिना भविष्यको संसार कल्पना गर्न सकिँदैन । वास्तविक प्रश्न भनेको मोबाइल कसरी प्रयोग भइरहेको छ, कसले मार्गदर्शन गरिरहेको छ र त्यसले बालबालिकाको दैनिक जीवनलाई कसरी प्रभावित गरिरहेको छ भन्ने हो । आजको चुनौती केवल बालबालिकाले मोबाइल धेरै चलाउनु होइन, उनीहरूको डिजिटल संसारमा अभिभावकको उपस्थिति कति छ भन्ने पनि हो । किनकि बालबालिकालाई सबैभन्दा धेरै प्रभाव पार्ने कुरा उपकरण होइन, उनीहरूसँग समय बिताउने, उनीहरूलाई सुन्ने र जीवनका साना-साना व्यवहारबाट उदाहरण प्रस्तुत गर्ने मानिस हुन् । शायद त्यसैले आजको सबैभन्दा महत्त्वपूर्ण प्रश्न यो होइन । 'बच्चाले दिनमा कति घण्टा मोबाइल चलायो ?' बरू यो हो । 'हामीले आज आफ्ना छोराछोरीसँग मन खोलेर कति समय कुरा गर्‍यौं ?' यदि हामीले आजको बाल्यकाललाई केही दशकअघिको बाल्यकालसँग तुलना गर्ने हो भने एउटा ठूलो परिवर्तन स्पष्ट देखिन्छ । पहिले खाली समय खेल मैदान, साथीभाइ, परिवार र पुस्तकसँग बित्थ्यो । आज त्यही समयको ठूलो हिस्सा स्क्रिनले ओगटेको छ । यो परिवर्तन केवल नेपालमा मात्र होइन, विश्वभर देखिएको सामाजिक परिवर्तन हो । त्यसैले समाधान प्रविधिलाई दोष दिनु होइन, त्यसको सन्तुलित र जिम्मेवार प्रयोग सिकाउनु हो । विश्वभर भएका अनुसन्धानहरूले पनि अभिभावकको भूमिकालाई झन महत्त्वपूर्ण बनाएका छन् । विश्व स्वास्थ्य संगठनले विशेषगरी साना बालबालिकाका लागि उमेर अनुसार सीमित स्क्रिन समय, पर्याप्त निद्रा, सक्रिय खेलकुद र प्रत्यक्ष मानवीय अन्तर्क्रियालाई स्वस्थ विकासका आधार मानेको छ । जामा पेडिएट्रीमा प्रकाशित व्यवस्थित समीक्षाहरूले अत्यधिक वा अनुपयुक्त स्क्रिन प्रयोग र बालबालिकाको भाषा विकास, ध्यान केन्द्रित गर्ने क्षमता तथा सामाजिक अन्तर्क्रियाका केही पक्षबीच सम्बन्ध देखाएका छन् । अनुसन्धानकर्ताका अनुसार स्क्रिनमा कति समय बिताइयो भन्नेमात्र होइन, के हेरियो, कसको साथमा हेरियो र त्यसपछि कति संवाद भयो भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । अमेरिकन एकेडेमी आफ पेडिएट्रिकले परिवारमा 'स्क्रिन-फ्रि समय' निर्धारण गर्न, अभिभावक स्वयंले जिम्मेवार डिजिटल व्यवहार देखाउन र बालबालिकासँग नियमित संवाद गर्न सुझाव दिएको छ । त्यसैगरी, युनेस्कोले शिक्षामा प्रविधिको उपयोगलाई स्वीकार गर्दै शिक्षक, अभिभावक र प्रत्यक्ष मानवीय अन्तरक्रियाको भूमिका कुनै पनि डिजिटल उपकरणले पूर्णरूपमा प्रतिस्थापन गर्न नसक्ने कुरामा जोड दिएको छ । नेपालमा युनिसेफले प्रकाशित गरेको नेपाल युएस डिजिटल जेनेरेसन प्रतिवेदनले पनि डिजिटल पहुँच बढ्दै जाँदा अभिभावकीय मार्गदर्शन, डिजिटल साक्षरता र सुरक्षित डिजिटल बानी विकास गर्नुपर्ने आवश्यकतामा विशेष जोड दिएको छ । यी अध्ययनहरूले एउटै सन्देश दिन्छौं समस्या मोबाइलको उपस्थितिमा होइन, अभिभावकीय उपस्थितिको कमीमा छ । विद्यालयमा काम गर्ने क्रममा मैले अर्को यथार्थ पनि बारम्बार देखेकी छु । धेरै अभिभावक भन्छन्, 'हामीसँग समय छैन' तर त्यही घरमा बालबालिकासँग समय बिताउने जिम्मेवारी कहिलेकाहिँ ११-१२ वर्षका दाजु वा दिदीको काँधमा आइपुग्छ । एउटा कक्षा ७ को विद्यार्थीले एक दिन सहजै भन्यो, 'मम्मी-ड्याडी अफिस जानुहुन्छ । म घर पुगेर भाइलाई खाना खुवाउँछु । ऊ रोयो भने मोबाइल दिन्छु, अनि शान्त हुन्छ ।' यो कुनै एउटा परिवारको कथा होइन, बदलिँदो नेपाली समाजको यथार्थ हो । प्रश्न ठूलो दाजु-दिदीले जिम्मेवारी लिनु गलत हो भन्ने होइन । प्रश्न यो हो कि सानो बच्चालाई शान्त गराउने सबैभन्दा सहज माध्यम यदि मोबाइल बन्छ भने, उसले संसारलाई कोबाट सिकिरहेको छ ? परिवारबाट कि एल्गोरिदमबाट ? यही कारण आजको बहस 'मोबाइल राम्रो कि नराम्रो ?' भन्ने होइन । वास्तविक प्रश्न हो डिजिटल युगमा हामी अभिभावकको भूमिका कसरी पुनर्परिभाषित गर्ने ? किनकि बालबालिकाले प्रविधि प्रयोग गर्न सिक्न सक्छन्, तर त्यसको जिम्मेवार प्रयोग, मानवीय सम्बन्धको मूल्य र जीवनका संस्कार भने घर र विद्यालयको साझा अभ्यासबाट मात्र सिक्छन् । हामी प्राय: भन्छौं, 'आजका बालबालिका पहिले जस्ता रहेनन्' तर सायद अब हामीले अर्को प्रश्न पनि सोध्नुपर्छ 'के आजको अभिभावकत्व पनि पहिले जस्तै छ ?' प्रविधि तीव्र रूपमा बदलिएको छ, परिवारको संरचना बदलिएको छ, बालबालिकाको सिकाइको शैली बदलिएको छ । त्यसैले अभिभावकत्व पनि समयनुसार परिमार्जित हुन आवश्यक छ । आजको आवश्यकता मोबाइल खोस्नु होइन, डिजिटल युगको सचेत अभिभावक बन्नु हो । यसको सुरुवात कुनै ठूलो योजनाबाट होइन, साना अभ्यासबाट हुन्छ । दिनको केही समय परिवारसँग मोबाइलबिना बस्ने, सँगै खाना खाने, बालबालिकाको कुरा ध्यान दिएर सुन्ने, उनीहरूले के हेर्छन् भनेर चासो राख्ने, पुस्तक पढ्ने, खेल्ने वा सामान्य कुराकानी गर्ने जस्ता साना बानीले पनि गहिरो प्रभाव पार्छ । बालबालिकाले हाम्रो उपदेशभन्दा हाम्रो व्यवहारबाट धेरै सिक्छन् । यही सन्दर्भमा संस्कारको अर्थ पनि पुन: बुझ्न आवश्यक छ । संस्कार कुनै छुट्टै विषय होइन, न त एक दिनमा सिकाइने पाठ हो । यो घरभित्र दैनिक रूपमा दोहोरिने व्यवहार, बोली, सम्बन्ध, जिम्मेवारी, अनुशासन र सम्मानको निरन्तर अभ्यास हो । अभिभावकले घरमा जस्तो वातावरण सिर्जना गर्छन्, बालबालिकाले त्यही वातावरणलाई आफ्नो जीवनशैली बनाउँदै जान्छन् । विद्यालयले यस प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्छ । विद्यालयले ज्ञान, सीप, अनुशासन, सहकार्य, नेतृत्व र सामाजिक उत्तरदायित्वका अवसर प्रदान गर्छ तर ती मूल्यहरू जीवनको स्थायी बानी बन्नका लागि घरमा पनि त्यही अभ्यास आवश्यक हुन्छ । जब घर र विद्यालयले एउटै सन्देशलाई निरन्तर व्यवहारमा उतार्छन्, तबमात्र बालबालिकाको समग्र विकास सम्भव हुन्छ । त्यसैले अभिभावक र विद्यालयको सम्बन्ध केवल नतिजा बुझ्ने वा गुनासो गर्ने सम्बन्ध होइन, भविष्य निर्माण गर्ने साझेदारी हो । आजको आवश्यकता बालबालिकालाई प्रविधिबाट टाढा राख्नु होइन, प्रविधिसँग जिम्मेवारीपूर्वक बाँच्न सिकाउनु हो । उनीहरूलाई डिजिटल सीपसँगै डिजिटल अनुशासन, आलोचनात्मक सोच, मानवीय संवेदना र सम्बन्धको मूल्य पनि सिकाउनुपर्छ । भविष्यमा सफल हुने व्यक्ति प्रविधि चलाउन जान्नेमात्र होइन, प्रविधिलाई विवेकपूर्ण रूपमा प्रयोग गर्नसक्ने व्यक्ति हुनेछ । अन्तत:, हामी आफ्ना सन्तानलाई सबै सुविधा दिन सकौंला वा नसकौंला, तर उनीहरूलाई दिन सक्ने सबैभन्दा ठूलो उपहार भनेको हाम्रो समय, हाम्रो विश्वास, हाम्रो संवाद र हाम्रो उदाहरण हो । महँगो मोबाइल, आधुनिक ग्याजेट वा अनगिन्ती सुविधाभन्दा यी कुरा धेरै मूल्यवा छन् । आज हामीले आफैंलाई एउटा अन्तिम प्रश्न सोध्ने बेला आएको छ । हामी आफ्ना छोराछोरीलाई डिजिटल रूपमा सक्षम बनाउने प्रयासमा छौं, तर के उनीहरूलाई मानवीय रूपमा पनि उत्तिकै सक्षम बनाइरहेका छौं ? यदि यस प्रश्नको उत्तर खोज्ने प्रयास आजैबाट सुरु गर्‍यौं भने प्रविधि चुनौती होइन, अवसर बन्नसक्छ । किनभने अन्तत: बालबालिकाको भविष्य मोबाइलले होइन, परिवारले निर्माण गर्छ । र, त्यो निर्माण सुरु हुन्छ घरभित्र हुने साना व्यवहार, दैनिक संवाद र जीवनभर दोहोरिने संस्कारबाट । 'संस्कार कुनै एपबाट डाउनलोड हुँदैन, त्यस घरमा देखिने व्यवहार, परिवारमा हुने संवाद, अभिभावकको समय र विद्यालयको सहकार्यबाट जीवनभर निर्माण हुँदैजान्छ ।'

*-इहिमालयन डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय** ५४०२०१
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : महिनाको सुरुवात उत्साहजनक रहनेछ। परिवारबाट राम्रो साथ मिल्नेछ। | **तुला**: काममा राम्रो सहमति बन्नेछ। आम्दानीसँग जोडिएको खबर आउन सक्छ। |
| **वृष** : स्वास्थ्यमा खानपान मिलाउनु राम्रो हुनेछ। नजिकको यात्राको योग बन्न सक्छ। | **वृश्चिक** : काममा फाइदा लिन सकिनेछ। परिवारमा महत्वपूर्ण छलफल हुनेछ। |
| **मिथुन** : आम्दानी बढाउने जानकारी मिल्नेछ। निर्णयमा आत्मबल बढ्नेछ। | **धनु** : सम्पर्कले आर्थिक अवसर ल्याउनेछ। नयाँ विषय सिक्ने चाहना बढ्नेछ। |
| **कर्कट** : पुरानो जिम्मेवारीबाट राहत मिल्नेछ। घरमा खुसीको वातावरण बन्नेछ। | **मकर** : मेहनतले कामको मूल्यांकन हुनेछ। आर्थिक बचत बढाउने सोच बन्नेछ। |
| **सिंह** : वरिष्ठ व्यक्तिको विश्वास बढ्नेछ। सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ। | **कुम्भ**: विचारले भविष्यको योजना बदल्न सक्छ। सहकार्यको अवसर आउन सक्छ। |
| **कन्या** : आर्थिक हिसाब व्यवस्थित गर्न सकिनेछ। शरीरमा थकान भए आराम गर्नुहोस्। | **मीन** : व्यक्तिगत निर्णय लिनुपर्ने हुन सक्छ। आर्थिक रूपमा लाभको सम्भावना छ। |

## विज्ञान/सूचना प्रविधि

# प्रविधिमा अब्बल मानिने जापान एआई प्रयोगमा किन यति पछाडी ?



विभिन्न अध्ययनले जापानी कम्पनीहरू कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोगका मामिलामा निकै सुस्त रहेको देखाएका छन् । गम्भीर श्रम अभाव, वृद्ध हुँदै गएको जनसङ्ख्या र लामो समयदेखि कायम उत्पादकत्वको समस्याबीच जापानी कम्पनीहरू एआई प्रयोगका लागि सबैभन्दा उपयुक्त अवस्थामा हुनुपर्ने हो । तर, अमेरिका र बेलायतको तुलनामा जापानका धेरै कार्यस्थलमा एआईको प्रयोग अझै सुस्त र सावधानीपूर्ण छ । एआईप्रतिको जापानको प्रतिक्रिया त्यहाँको परम्परागत र सुस्त गतिमा अघि बढ्ने 'नोह' नाटकजस्तै देखिन थालेको छ । मञ्चमा मुखौटा लगाएका सबै पात्र तत्काल कदम चाल्नुपर्ने कुरामा सहमत हुन्छन्, गम्भीरतापूर्वक एउटै आह्वान दोहोरिन्छ, तर कलाकारहरू भने आफ्नै ठाउँमा स्थिर रहन्छन् । नाटकमा तनाव बढाउन यो शैली राम्रो होला, तर देशका तत्कालीन समस्या समाधान गर्न भने यो प्रभावकारी देखिँदैन । कार्यस्थलमा एआईको प्रयोगसम्बन्धी तथ्याङ्कले जापान पछाडि परेको देखाउँछ । आर्थिक सहयोग तथा विकास सङ्गठन (ओईसीडी) ले गत वर्षको अन्त्यमा प्रकाशित गरेको एउटा प्रतिवेदनअनुसार जापानमा केवल ८.४ प्रतिशत कामदारले मात्र आफ्नो काममा एआई प्रयोग गर्छन्। यसको तुलनामा अमेरिकामा यो दर ५० प्रतिशत र बेलायतमा ३२ प्रतिशत रहेको छुट्टाछुट्टै तथ्याङ्कले देखाउँछ । संयुक्त अरब इमिरेट्स (यूएई) पछि एसियामा सबैभन्दा धेरै एआई प्रयोग हुने र विश्वमै दोस्रो स्थानमा रहेको मानिएको सिङ्गापुरमा ५६ प्रतिशत कामदारले हप्तामा धेरैपटक एआई प्रयोग गर्ने बताइएको छ ।

**जापान किन पछाडि परिरहेको छ ?**

अमेरिकी स्टार्टअप 'क्युज एआई' का सहसंस्थापक अस्टिन सुका अनुसार जापानी कम्पनीहरू रूढिवादी र जोखिम लिन नचाहने प्रवृत्तिका भएकाले एआई प्रयोगमा ढिलाइ भएको हो । उनको कम्पनीले हालै जापानी कम्पनीहरूलाई आफ्ना एआई प्रणाली बिक्री गर्न जापानमै कार्यालय स्थापना गरेको छ । सु भन्छन्, 'केही संस्थामा प्रक्रिया र सहमतिमा आधारित संस्कृतिले वास्तवमै निर्णय प्रक्रियालाई सुस्त बनाउँछ । एआईका गल्तीप्रति सहनशीलता झन्डै शून्य हुन्छ, विशेषगरी ग्राहकसँग प्रत्यक्ष सम्बन्धित काममा । कतिपय कम्पनीले मेसिनलाई काम दिनुभन्दा कर्मचारीको पद नै खाली राख्न रुचाउँछन् ।' उनका अनुसार अमेरिकाको अवस्था भने निकै फरक छ । त्यहाँ केही कम्पनीले उत्पादकत्व बढाउन एआई एजेन्टलाई धेरै स्वतन्त्रतासहित काम गर्न दिइरहेका छन् । 'अमेरिकामा एआई सहकर्मीका रूपमा सहयोग गर्न प्रवेश गर्छ र बिस्तारै कार्यप्रणालीको हिस्सा बन्छ । त्यहाँका व्यवस्थापकको सोच प्राय: 'पहिला प्रयास गर्न देऊ, गल्ती भए सुधारौँला' भन्ने हुन्छ,' उनी भन्छन् । जापानी कम्पनीहरूले एआईमाथि पर्याप्त विश्वास गरिनसकेको पनि सु बताउँछन् । क्योटो युनिभर्सिटी अफ एड्भान्स्ड साइन्सकी अन्तर्राष्ट्रिय व्यवस्थापनकी प्राध्यापक पारिसा हाघिरियन पनि धेरै जापानी कम्पनी जोखिम लिन नचाहने भएकाले एआई प्रयोग गर्न हिचकिचाइरहेको बताउँछिन् । उनका अनुसार जापानी कम्पनीमा एआई अपनाउने चुनौती अन्य कुनै नयाँ परिवर्तन अपनाउँदा जस्तै हो । त्यसैले विशेषगरी कार्यस्थलमा एआईको प्रयोग अझै सीमित र सावधानीपूर्ण छ । हाघिरियनले जापानको अवस्थालाई अमेरिकाको उद्यमशील संस्कृतिसँग तुलना गर्दै जापानी कम्पनीहरू गल्ती, अनिश्चितता र प्रतिष्ठामा पर्ने जोखिमप्रति निकै संवेदनशील रहेको बताइन् । 'जेनेरेटिभ एआई अझै पूर्ण रूपमा विश्वसनीय नभएकाले जापानमा यसको प्रयोग मुख्यत: कम जोखिम भएका काममा भइरहेको छ । जस्तै: लेखन, सारांश बनाउने वा सूचना सङ्कलनमा । तर मुख्य सञ्चालन, निर्णय प्रक्रिया वा समग्र कार्यप्रणाली सुधारमा यसको प्रयोग निकै कम छ,' उनी भन्छिन् ।

**स्वास्थ्य क्षेत्र झन् सुस्त**

जापानको स्वास्थ्य क्षेत्र एआई प्रयोगमा विशेषगरी पछाडि रहेको बताइन्छ । केही अस्पतालले अझै बिरामीका अभिलेखलाई पूर्ण रूपमा डिजिटल बनाउन सकेका छैनन् । जापानी अस्पतालका एक कर्मचारीले नाम नबताउने सर्तमा भने, 'नसोचेको स्तरमा कागजी दस्तावेज थुप्रिन्छन् । यो त ढुङ्गे युगजस्तै छ ।' जापानी सरकार एआई प्रयोग न्यून रहेको यो व्यापक समस्याबारे जानकार छ र कम्पनीहरूलाई यो प्रविधि अपनाउन प्रोत्साहित गरिरहेको छ । गत वर्ष जापानी संसद्ले एआई प्रवर्द्धनसम्बन्धी कानुन पारित गरेको थियो । यो कानुनले हल्का नियमनमार्फत व्यवसायहरूलाई एआईमा थप लगानी गर्न प्रोत्साहित गर्ने लक्ष्य राखेको छ । टोकियोले जापानलाई 'एआई विकास र प्रयोगका लागि विश्वकै सबैभन्दा अनुकूल देश' बनाउने प्रतिबद्धता जनाएको छ । सरकारको विश्वास छ कि एआईको व्यापक प्रयोगले जापानको उत्पादकत्व बढाउन सहयोग गर्न सक्छ । विकसित राष्ट्रहरूको 'जी-७' समूहमा जापानको उत्पादकत्व स्तर अहिले पनि सबैभन्दा कमजोरमध्येमै पर्छ । जापानको अर्थ मन्त्रालयका अनुसार व्यवसायमा एआईको प्रयोग भने उल्लेख्य रूपमा बढेको छ । पाँच वर्षअघि ११ प्रतिशत कम्पनीले मात्र एआई प्रयोग गर्ने गरेकोमा अहिले ७५ प्रतिशत कम्पनीले एआई प्रयोग गरिरहेको मन्त्रालयको तथ्याङ्क छ । तर आलोचकहरूका अनुसार यी कम्पनीमध्ये प्रत्येकमा वास्तवमै एआई प्रयोग गर्ने कर्मचारीको सङ्ख्या निकै कम छ र प्रयोग गर्नेहरूले पनि सीमित रूपमा मात्र यसको प्रयोग गरिरहेका छन् ।

**दक्ष जनशक्ति अभाव र पुराना कम्प्युटर प्रणाली**

मेइजी विश्वविद्यालयका जापानी सामाजिक प्रणाली तथा प्रविधि विशेषज्ञ प्राध्यापक यासुशी ओगासावाराका अनुसार जापानको कार्यक्षेत्रमा प्रविधिमा दक्ष जनशक्तिको अभाव छ । 'जापानीहरू स्मार्टफोनजस्ता प्रविधिसँग खेल्न मन पराउँछन्, तर यहाँ डिजिटल साक्षरता कम छ,' उनी भन्छन् । यस वर्ष सार्वजनिक भएको एउटा प्रतिवेदनले सन् २०३० सम्म जापानमा करिब ८ लाख आईटी विशेषज्ञको अभाव हुने अनुमान गरेको छ । धेरै कम्पनी पुराना कम्प्युटर प्रणालीका कारण पनि समस्यामा छन् । करिब ६० प्रतिशत प्रणाली २० वर्षभन्दा पुराना रहेको बताइएको छ । ओगासावाराका अनुसार जापानी कम्पनीमाथि एआईका कारण रोजगारी गुम्न सक्ने अवस्था सिर्जना गर्नुभन्दा बेरोजगारी बढ्न नदिने दबाब बढी छ । 'सरकार एआई, पुन: सीप विकास र डिजिटल सीपको कुरा गरिरहेको छ । तर व्यवहारमा मानव संसाधनलाई डिजिटल सीपतर्फ रूपान्तरण गर्न कठिन छ, किनभने पहिलो प्राथमिकता पूर्ण रोजगारी कायम राख्नु हो,' उनी भन्छन् ।

**नयाँ पुस्तामा परिवर्तन**

यद्यपि, कर्मचारी भर्ना प्रक्रियामा भने केही परिवर्तन देखिन थालेको छ । केही कम्पनीले नयाँ स्नातक कर्मचारी नियुक्त गर्दा 'एआई साक्षरता' लाई प्राथमिकता दिन थालेका छन् । ठूला निजी कम्पनीमध्ये प्रमुख व्यापारिक कम्पनी 'कानेमात्सु' ले पनि एआईमा दक्ष नयाँ स्नातकहरूलाई नियुक्त गरिरहेको छ । गत अप्रिलमा कम्पनीमा आबद्ध भएकी उता यामागुचीले काममा आफूले एआई निकै प्रयोग गर्ने बताइन् । 'म काममा एआई निकै प्रयोग गर्छु । मेरा धेरै सहकर्मीले पनि यसको धेरै प्रयोग गर्नुहुन्छ । हाकिमका लागि इमेल लेख्न, जटिल दस्तावेजको सारांश बनाउन, बैठक रेकर्ड गर्न तथा त्यसको सारांश बनाउन हामी एआई प्रयोग गर्छौँ,' उनले भनिन् । तर, अमेरिकाको तुलनामा जापानमा धेरै चरणमा हुने जटिल कामलाई स्वचालित रूपमा सम्हाल्न सक्ने एआई प्रणालीको प्रयोग अझै लगभग सुनिँदैन । भविष्यप्रति खुला सोच राख्ने भनेर परिचित ओगासावाराको कम्पनीले भने त्यस्ता प्रणाली प्रयोगमा ल्याइसकेको छ । यद्यपि, ओगासावारा समग्र जापानमा परिवर्तन अझै सीमित रहेको बताउँछन् । 'जापानी समाज पीडारहित सुधार चाहन्छ । त्यसैले कम्तीमा पनि गहिरो र तीव्र परिवर्तन गर्न कठिन छ भन्न सकिन्छ,' उनी भन्छन् । जापानमा ठूलो परिवर्तन वा अवरोधलाई राम्रो दृष्टिले नहेरिए पनि अब एआईबिना देशलाई आवश्यक उत्पादकत्व वृद्धि हासिल गर्न कठिन हुन सक्ने देखिन्छ । ***-रातोपाटी डटकम***

# नेपालमा एक दशकभित्र देशभर ५जी सेवा विस्तार गर्ने लक्ष्य




नेपालको दूरसञ्चार क्षेत्रलाई उच्च गतिको मोबाइल ब्रोडब्यान्डमा रूपान्तरण गर्दै एक दशकभित्र देशभर ५जी सेवा विस्तार गर्ने लक्ष्यका साथ नेपाल दूरसञ्चार प्राधिकरणले 'मोबाइल ब्रोडब्यान्ड सुधार योजना (नेपाल्स रोड टु ५जी)' को मस्यौदा सार्वजनिक गरेको छ । नेपालमा ५जी सेवा सुरु र विस्तारका लागि अबको मार्गचित्रका रूपमा हेरिएको उक्त योजनाले सहरी क्षेत्रमा यसै वर्षदेखि र सन् २०३५ सम्म देशभर ५जी पहुँच पुर्‍याउने दीर्घकालीन लक्ष्य राखेको हो । प्राधिकरणले नेपालको मोबाइल दूरसञ्चार सेवाको वर्तमान अवस्था, मोबाइल डेटा सेवाको बढ्दो माग, अन्तर्राष्ट्रिय अभ्यास, सेवा प्रदायकबाट प्राप्त विवरण तथा विभिन्न सरोकारवालासँगको छलफलका आधारमा मस्यौदा तयार गरेको छ । उक्त मस्यौदा सार्वजनिक गर्दै सम्बन्धित पक्षबाट १५ दिनभित्र राय, सुझाव तथा सल्लाह उपलब्ध गराउन आग्रह गरिएको छ । प्रस्तावित मार्गचित्र अनुसार सन् २०२७ सम्म देशभर मोबाइल ब्रोडब्यान्डको औसत गति कम्तीमा २० एमबीपीएस पुर्‍याउने, सन् २०३० सम्म नगर क्षेत्रमा १०० एमबीपीएसको गति उपलब्ध गराउने र सन् २०३५ सम्म देशभर ५जी सेवा विस्तार गर्ने लक्ष्य राखिएको छ । सरकारले चालु आर्थिक वर्ष २०८३/८४ लाई नेपालको दूरसञ्चार सेवामा उल्लेख्य सुधार देखिने गरी काम गरिरहेको छ । सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले टेलिफोन तथा इन्टरनेट सेवाको पहुँच विस्तार र गुणस्तर सुधारमा उल्लेखनीय परिवर्तन देखिने गरी काम गर्न मन्त्रालय तथा मातहतका निकायलाई निर्देशन दिइसकेका छन् । सरकारको यो प्राथमिकतासँगै प्राधिकरणले पनि सेवा प्रदायकलाई ५जी सञ्चालनका लागि ठोस कार्ययोजना पेस गर्न निर्देशन दिइसकेको छ । गत साउन २२ गते प्राधिकरणले मोबाइल सेवा प्रदायकलाई प्रमुख सहरी क्षेत्रबाट ५जी सेवा सुरु गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना तयार गरी पेस गर्न निर्देशन दिएको हो । यसै गरी देशभर ४जी सेवाको पहुँच तथा गुणस्तर सुधारलाई समेत प्राथमिकतामा राख्न भनिएको छ । नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक मिनप्रसाद अर्यालका अनुसार ५जी सञ्चालनका लागि आवश्यक फ्रिक्वेन्सी छुट्याउने तथा बाँडफाँट गर्ने काम शीघ्र अघि बढाउने तयारी भइरहेको छ । सरकार र नियामक निकाय ५जी सञ्चालनका लागि तयार रहेको अवस्थामा सेवा प्रदायकले पनि आवश्यक तयारी र तदारुकता देखाउनुपर्ने उनको भनाइ छ । ५जीका लागि छुट्टै प्रविधिमा आधारित संरचना प्रयोग गर्ने वा विद्यमान संरचनालाई स्तरोन्नति गरी नयाँ प्रविधि सञ्चालन गर्ने विषय सेवा प्रदायकको प्राविधिक तथा व्यावसायिक निर्णयसँग जोडिएको छ । तर नियमनका दृष्टिले आवश्यक फ्रिक्वेन्सी व्यवस्थापन गर्न प्राधिकरण तयार रहेको उनले बताए । मोबाइल सेवाको विकाससँगै नेपाली दूरसञ्चार बजारमा डेटा खपत तीव्र गतिमा बढिरहेको छ । प्राधिकरणका अनुसार पछिल्ला वर्षमा नेपालमा मोबाइल डेटा ट्राफिक वार्षिक करिब ३० देखि ४० प्रतिशतले बढेको छ । आगामी दिनमा पनि डेटा माग तीव्र रूपमा बढ्ने प्रक्षेपण गरिएकाले थप स्पेक्ट्रम, स्मल सेल, उच्च क्षमताको ब्याकहल नेटवर्क तथा आधुनिक मोबाइल प्रविधि आवश्यक हुने देखिएको छ । नेपालमा ५जी सेवाको व्यावहारिक सम्भाव्यता परीक्षण भने सन् २०२३ मै सुरु भएको थियो । नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) लाई २६०० मेगाहर्ज ब्यान्डमा ६० मेगाहर्ज स्पेक्ट्रम उपलब्ध गराएर ५जी परीक्षण गरिएको थियो । काठमाडौँको बबरमहल र सुन्धारा तथा पोखरा र वीरगञ्जलगायतका स्थानमा गरिएको परीक्षणका क्रममा अधिकतम १ जीबीपीएससम्मको डेटा गति हासिल भएको प्राधिकरणको मस्यौदामा उल्लेख छ । उक्त परीक्षणले सहरी क्षेत्रमा 'मिडब्यान्ड स्पेक्ट्रम' प्रयोगको सम्भाव्यता, ब्याकहल नेटवर्कको तयारीको महत्त्व तथा भविष्यमा आवश्यक पर्ने 'स्केलेबल स्पेक्ट्रम' व्यवस्थापनको आवश्यकता देखाएको थियो । ५जी विस्तारका लागि नेपालले विद्यमान मोबाइल प्रविधिको व्यवस्थापन र क्रमिक विस्थापनसमेत गर्नुपर्ने देखिएको छ । हाल सेवा प्रदायकले मुख्यत: २जी, ३जी र ४जी नेटवर्क सञ्चालन गरिरहेका छन् । ५जी थपिँदा एकैपटक चार पुस्ताका मोबाइल नेटवर्क सञ्चालन गर्नुपर्ने हुन्छ, जसले पूर्वाधार, स्पेक्ट्रम र सञ्चालन खर्च बढाउने अवस्था सिर्जना गर्छ । प्राधिकरणको मस्यौदामा हाल ३जी डेटा प्रयोगकर्ता तीन प्रतिशतभन्दा कम रहेको उल्लेख छ । तर ३जी सञ्चालनका लागि स्पेक्ट्रम र सञ्चालन खर्च भने निरन्तर भइरहेको छ । त्यसैले ३जी सेवाको चरणबद्ध अन्त्य गरी उपलब्ध स्रोतलाई ४जी तथा ५जीमा केन्द्रित गर्ने रणनीति प्रस्ताव गरिएको छ । मस्यौदाले ३जी सेवा विस्थापनका लागि सन् २०२७ देखि ३जी सेवा बन्द गर्ने तथा उपभोक्तालाई आधुनिक प्रविधितर्फ स्थानान्तरण गर्न सेवा प्रदायकले अभियान र प्रवर्द्धनात्मक प्याकेज सञ्चालन गर्ने प्रस्ताव गरेको छ । यसका साथै नयाँ ३जी ह्यान्डसेट तथा उपकरण आयात रोक्ने प्रस्तावसमेत गरिएको छ । नेपालमा मोबाइल ब्रोडब्यान्ड विस्तारको अर्को प्रमुख चुनौती उपलब्ध स्पेक्ट्रमको सीमितता हो । हाल सेवा प्रदायकलाई करिब २३८.२ मेगाहर्ज मोबाइल स्पेक्ट्रम बाँडफाँट गरिएको भए पनि विभिन्न ब्यान्डमा तोकिएको सीमा र एउटै स्रोतमा विभिन्न पुस्ताका प्रविधि सञ्चालन हुँदा उपलब्ध स्पेक्ट्रममा दबाब छ । प्राधिकरणका अनुसार हाल करिब ३५ प्रतिशत सेल अधिकतम फिजिकल रिसोर्स ब्लक उपयोगको अवस्थामा छन् । बढ्दो डेटा मागलाई सम्बोधन गर्न नेटवर्क क्षमता विस्तार आवश्यक देखिएको छ । त्यसका लागि ४जी सेवाले विद्यमान ब्यान्डको पूर्ण क्षमता प्रयोग गर्न सक्ने गरी थप स्पेक्ट्रम उपलब्ध गराउने तथा क्यारियर एग्रिगेसनलाई अनिवार्य गर्ने प्रस्ताव गरिएको छ । ५जीका लागि परम्परागत 'म्याक्रो सेल'मा मात्र आधारित नेटवर्क पर्याप्त नहुने प्राधिकरणको निष्कर्ष छ । विशेषगरी सहरी क्षेत्रमा डेटा ट्राफिक अत्यधिक बढ्ने भएकाले माइक्रो, पिको तथा फेम्टो सेलजस्ता 'स्मल सेल' विस्तार गर्नुपर्ने आवश्यकता औँल्याइएको छ । घना सहरी क्षेत्रमा स्मल सेलमार्फत नेटवर्क क्षमता, स्पेक्ट्रमको प्रभावकारी उपयोग र पहुँच सुधार गर्ने लक्ष्य राखिएको छ । त्यसै गरी फाइबर विस्तार आर्थिक वा भौगोलिक रूपमा कठिन रहेका दुर्गम तथा अर्धसहरी क्षेत्रमा 'फिक्स्ड वायरलेस एक्सेस' (एफडब्लूए) लाई ब्रोडब्यान्ड विस्तारको प्रभावकारी माध्यमका रूपमा प्रयोग गर्ने प्रस्ताव गरिएको छ । पूर्वाधार तथा सडक संरचना साझेदारीमार्फत नयाँ नेटवर्क विस्तारको लागत घटाउने उपाय पनि प्रस्ताव गरिएको छ । सहरी तथा मुख्य राजमार्ग क्षेत्रमा फाइबर पूर्वाधार विस्तार भए पनि दुर्गम तथा हिमाली क्षेत्रमा भौगोलिक कठिनाइ र उच्च लागतका कारण अझै माइक्रोवेभ लिंकमा निर्भरता रहेको छ । त्यसैले स्थान र भौगोलिक अवस्थाअनुसार फाइबर तथा माइक्रोवेभ ब्याकहल दुवैको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता मस्यौदामा औँल्याइएको छ । अन्तर्राष्ट्रिय दूरसञ्चार सै (आईटीयू) को आईएमटी-२०२० मापदण्ड अनुसार ५जी पाँचौँ पुस्ताको मोबाइल प्रविधि हो, जसले उच्च डेटा गति र धेरै उपकरणलाई एकैपटक जोड्न सक्ने क्षमता प्रदान गर्ने लक्ष्य राख्छ । यसको अधिकतम डेटा गति २० जीबीपीएससम्म पुग्न सक्ने र डाउनलोड गर्नका लागि लाग्ने समय मोबाइल उपकरणमा करिब चार मिलिसेकेन्ड तथा विशेष उपकरणमा अझ न्यून हुन सक्ने उल्लेख छ । यसकारण ५जी सेवाबाट मोबाइल इन्टरनेट मात्र नभई औद्योगिक स्वचालन, स्मार्ट कृषि, टेलिमेडिसिन, स्मार्ट पर्यटन, विपद् व्यवस्थापन, स्वचालित प्रणाली तथा अन्य डिजिटल सेवाका लागि अत्यावश्यक पूर्वाधारका रूपमा हेरिएको छ । नेपालमा ५जीको यात्रा सन् २०२३ को परीक्षणबाट व्यावसायिक तयारीतर्फ अघि बढेको छ । एकातिर सरकारले चालु आर्थिक वर्षमै सहरी क्षेत्रमा ५जी सुरु गर्ने लक्ष्यसहित नीतिगत तथा संस्थागत तयारी अघि बढाएको छ भने अर्कोतर्फ नियामक दूरसञ्चार प्राधिकरणले सेवा प्रदायकसँग चरणबद्ध कार्ययोजना मागेको छ । अब फ्रिक्वेन्सी बाँडफाँट, सेवा प्रदायकको लगानी र प्राविधिक तयारी, ४जीको देशव्यापी विस्तार, ३जीको व्यवस्थित विस्थापन, फाइबर तथा ब्याकहल पूर्वाधार विस्तार, स्मल सेल तथा एफडब्लूए प्रवर्द्धन र उपभोक्तालाई नयाँ प्रविधितर्फ स्थानान्तरण गर्ने काम समानान्तर रूपमा अघि बढाउनुपर्ने देखिन्छ । तत्कालीन लक्ष्यका रूपमा सहरी क्षेत्रमा ५जी सेवा सुरु गर्ने र दीर्घकालीन लक्ष्यका रूपमा सन् २०३५ सम्म देशभर सेवा विस्तार गर्ने गरी नेपालले मोबाइल ब्रोडब्यान्डको नयाँ चरणमा प्रवेश गर्ने तयारी गरेको छ । ***-बाह्रखरी डटकम***

# अवैध लागूऔषध सहित चार जना पक्राउ




**पाल्पा,** भदौ १/ देशका विभिन्न स्थानबाट अवैध लागूऔष सहित चार जना पक्राउ परेका छन्। केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार चितवन र कञ्चनपुरका विभिन्न स्थानबाट लागू औषध सहित प्रहरीले चार जनालाई पक्राउ गरेको हो।

चितवनको राप्ती नगरपालिका-५ बाट अवैध लागूऔषध गाँजा करिब ८ किलो ४ सय ७० ग्राम सहित सोही नगरपालिका-११ बस्ने ६५ वर्षीय मान बहादुर तामाङलाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय भण्डाराबाट खटिएको प्रहरीले शिखर डाँडाबाट भण्डारातर्फ आउँदै गरेको ग.१ ख ७४४४ नम्बरको बसमा सवार उनलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो । यस्तै कञ्चनपुरको कृष्णपुरनगरपालिका-५ पवित्राबस्तीबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ९ सय १० मिलिग्राम सहित ३ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा कृष्णपुर नगरपालिका-५ पबित्राबस्ती बस्ने २३ वर्षीय रोशनचौधरी, कैलाली गोदावरी नगरपालिका-३ बस्ने २८ वर्षीय राजेश ताम्रकार र २० वर्षीय राहुल ताम्रकार रहेका छन् । अस्थायी प्रहरी पोष्ट गजरौला र इलाका प्रहरी कार्यालय गुलरियाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

## खेलकुद समाचार

### लेन्सलाई सुपर कपको उपाधि



**काठमाडौं,** भदौ १/लेन्सले पेरिस सेन्ट जर्मेन (पिएसजी) लाई १-० ले पराजित गर्दै पहिलोपटक सुपर कप (ट्रोफे डेस च्याम्पियन्स)को उपाधि जितेको छ ।

कुप डे फ्रान्सको गएको सिजनको विजेता लेन्सका लागि थाउभिनले ३२औं मिनेटमा गोल गरे । तर, त्यसको ७ मिनेटपछि किलियन एन्टोनियोले सिधै रातो कार्ड पाएपछि लेन्स १० खेलाडीमा सीमित भयो ।

## वन्यजन्तुबाट क्षति ...

...वन्यजन्तुबाट क्षति भएपछि राहतका लागि निवेदन दिएको लामो समयपछि आफूले राहत रकम पाएको मदाने गाउँपालिका-४ का किसान लालबहादुर घर्तीले बताए । "निवेदन दिएको दुई वर्ष हुँदा पनि राहत नआएपछि आशा मार्दै गएका थियौं । ढिलो गरी आए पनि खुसी लाग्यो", उनले भने । पछिल्लो समयमा जिल्लाका ग्रामीण क्षेत्रमा चितुवा, बाँदर, बँदेललगायत वन्यजन्तुले पशुधन तथा बालीनालीमा क्षति पुऱ्याउने क्रम बढ्दै गएको सूचना अधिकारी सापकोटाले बताए । उनका अनुसार जिल्लामा सबैभन्दा बढी चितुवाको आक्रमणबाट किसानले क्षति व्यहोर्दै आइरहेका छन् । वरिष्ठ वन अधिकृतसमेत रहेका सापकोटाले जिल्लामा किसानले पशुधनको क्षतिबापतको राहत रकम प्राप्त गरे पनि वन्यजन्तुबाट बालीनालीमा पुगेको क्षतिको राहत भने हालसम्म उपलब्ध नभएको बताए । उनले २०८० देखि यससम्बन्धी राहतका लागि निवेदन आए पनि बालीनाली क्षतिबापतको रकम निकासा हुन नसकेको उल्लेख गरे । राहत रकम प्राप्त गर्नका लागि वन्यजन्तुबाट पीडित किसानले दिएको निवेदनका आधारमा जिल्लामा रहेको मूल्याङ्कन समितिमार्फत प्रदेश वन निर्देशनालयमा सिफारिस गरी पठाउने प्रावधान रहेको डिभिजन वन कार्यालयले जनाएको छ ।*-रासस*

## मुख्यमन्त्री ...

...कांग्रेसका २७, जनमतका ३ जनाले विपक्षमा मतदान गरेका छन् । ४ सदस्य रहेको राप्रपा भने तटस्थ बसेको छ । प्रदेश सभाको १९ औं बैठकमा मुख्यमन्त्री आचार्यले विश्वासको मत मागेका थिए ।


### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कसेनी गाविस-५,हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5751280 H का H/NB-Sub हेम बहादुर थापा (ना.प्र.मा हेम बहादुर गाहा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा याम कुमारी थापा र जन्म मिति सन् १९६५ जनवरी ७ (वि.स.२०२१/०९/२४) र नेपाली नागरिकता प्रमाणपत्रमा याम कुमारी गाहा, जन्म मिति वि.स. २०१८/०३/११ (सन् १९६१ जुन २५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक दर्लमडाँडा गाविस-४,हाल बगनासकाली गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5245997 L का हवलदार मोहन बहादुर राना (ना.प्र.मा मोहन बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा बिमला देवी राना र जन्म मिति सन् १९७१ नोभेम्वर १६ (वि.स.२०२८/०७/३०) र नेपाली नागरिकता प्रमाणपत्रमा बिमला राना, जन्म मिति वि.स. २०२४/०६/१५ (सन् १९६७ अक्टुवर ०१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघागुम्हा गाविस-४,हाल तानसेन नगरपालिका-१३ निवासी भारतिय भू.पू.सैनिक नं. 5445876 N का NK/TS खेम बहादुर राना (ना.प्र.मा टिकाराम थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा गोमती कुमारी राना र जन्म मिति सन् १९६१ अक्टुवर १० (वि.स.२०१८/०६/२४) र नेपाली नागरिकता प्रमाणपत्रमा गोमती देवी राना भन्ने गोमती कुमारी राना, जन्म मिति वि.स. २०१६/०७/१७ (सन् १९५९ नोभेम्वर ०३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघागुम्हा गाविस-४,हाल तानसेन नगरपालिका-१३ निवासी भारतिय भू.पू.सैनिक नं. JC 126653 N का NB-Sub भोपाल बहादुर थापा (ना.प्र.मा भुपाल बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा हूमा र जन्म मिति सन् १९४६ सेप्टेम्वर ३० (वि.स.२००३/०६/१४) र नेपाली नागरिकता प्रमाणपत्रमा हूमा थापा, जन्म मिति वि.स. २००३/०६/१४ (सन् १९४६ सेप्टेम्वर ३०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघागुम्हा गाविस-४,हाल तानसेन नगरपालिका-१३ निवासी भारतिय भू.पू.सैनिक नं. JC 607504 N का Sub हिरा सिंह राना (ना.प्र.मा हिरा सिंह राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा रुपा सरा राना र जन्म मिति सन् १९६७ नोभेम्वर १८ (वि.स.२०२४/०८/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा रुपा देवी राना, जन्म मिति वि.स. २०२४/०७/२७ (सन् १९६७ नोभेम्वर १३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघापोखराथोक गाविस-३,नामिकुवा, हाल तानसेन नगरपालिका-१२ निवासी भारतिय भू.पू.सैनिक नं. 5039536 F का H/NB-Sub मान बहादुर थापा (ना.प्र.मा मान बहादुर बगाले) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा चिथ्रासरा थापा र जन्म मिति सन् १९५९ अक्टुवर १६ (वि.स.२०१६/०६/३०) र नेपाली नागरिकता प्रमाणपत्रमा चित्री कुमारी बगाले, जन्म मिति वि.स. २०१४/०८/०५ (सन् १९५७ नोभेम्वर २०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघागुम्हा गाविस-४,हाल तानसेन नगरपालिका-१३ निवासी भारतिय भू.पू.सैनिक नं. 5342079 H का H/NB-Sub टिका राम थापा (ना.प्र.मा टिकाराम थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा ओम सरा र जन्म मिति सन् १९५९ अगस्ट १४ (वि.स.२०१६/०४/३०) र नेपाली नागरिकता प्रमाणपत्रमा ओम कान्त थापा, जन्म मिति वि.स. २०१९/०८/१७ (सन् १९६२ डिसेम्वर ०२) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गाविस-८, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 188714 H का सुवेदार हस्त बहादुर गाहा (ना.प्र.मा हस्त बहादुर गाहा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा खिमि सरा र जन्म मिति सन् १९५४ नोभेम्वर १५ (वि.स.२०११/०७/३०) र नेपाली नागरिकता प्रमाणपत्रमा खिमी सरा गाहा, जन्म मिति वि.स. २०१२/११/१५ (सन् १९५६ फेब्रअरी २७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८३/०५/०१**

यस विद्यालयको तानसेन नगरपालिका कार्यपालिकाको कार्यालय तानसेन , पाल्पाको मिति २०८३/०५/०१ को अनुमति अनुसार नेपाल सरकारको आ.व.२०८३/०८४ को ससर्त अनुदानबाट तलब भुक्तान गर्ने गरी यस श्री गार्गी माध्यमिक विद्यालय तानसेन नगरपालिका ११ बन्दीपोखरा पाल्पाका लागि नि. मा.वि ससर्त अनुदान शिक्षक पदपुर्तिको लागि दरखास्त आह्वान गरिन्छ।

**तपशिल :**

**विज्ञापन नं :** ०१/०८३/०८४
**तह :** नि.मा.वि., **श्रेणी :** (तृतीय)
**पद :-** शिक्षक, **संख्या :** (१ जना), विषय : अंग्रेजी
**न्युनतम् शैक्षिक योग्यता :** आई.एड., र १०+२ वा सो सरह उर्तीण
**उमेर :** १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको, **तलब स्केल :** नेपाल सरकारले तोके बमोजिम, **दरखास्त दस्तुर :** रु. ७००/-
**दरखास्त दिने अन्तिम मिति :** २०८३/०५/१५ गते कार्यालय समय भित्र ।
**परीक्षा र सम्पर्क मिति :** पछि प्रकाशन गरी उम्मेदवारको सम्पर्क नं. वा इमेल ठेगानामा सूचित गरिने छ ।
**परीक्षाको किसिम :** लिखित, अन्तर्वार्ता र आवश्यक परेमा प्रयोगात्मक
**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी अध्यापन अनुमतिको प्रमाणित प्रतिलिपी र हस्त लिखित निवेदन ।
दस्तुर रकम विद्यालयको रा.वा. बैंक पाल्पा शाखाको च.हि.नं. ३०३०१००००२९१९००१ मा जम्मा गरी सक्कल भौचर उपलब्ध गराउनुपर्ने छ ।
***(नोट : माथिल्लो योग्यता भएका, प्रविधि सम्वद्ध ज्ञान भएका अनुभवीलाई प्राथमिकता दिइने छ । साथै परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनु पर्ने छ ।)***
**सम्पर्क:** ९८४७४१८४९२ (प्र.अ), ९८५७०६०२२७ (अध्यक्ष),९८४७४६६५२७ (विद्यालय सहायक)
***Gmail : gargimavi2033@gmail.com*** र
***thadaraisudhan527@gmail.com*** *मा कागजातहरु पठाउन सकिने छ ।*

**श्री गार्गी माध्यमिक विद्यालय**
**तानसेन-११ बन्दीपोखरा, पाल्पा**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई